छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com






वर्ष २८ •अंक १४८ • २०८३ साल आश्विन २९ गते बिहीबार (15 October, Thursday, 2026) •पृष्ठ ४ •मूल्य रु. ५।-


## वन कर्मचारीको असन्तुष्टिः माग पूरा नभए रमाना नबुझ्ने चेतावनी

**टुडे समाचारदाता**

जनकपुरधाम । मापदण्डविपरीत मनोमानी ढंगले सरुवा गरिएको भन्दै धनुषामा कार्यरत वन कर्मचारीहरूले असन्तुष्टि जनाएका छन् । सरुवासम्बन्धी मापदण्ड र कानुनी व्यवस्थाको पालना नगरी सरुवा गरिएको आरोप लगाउँदै उनीहरूले आफ्ना माग सम्बोधन नभएसम्म रमाना पत्र नबुझ्ने चेतावनी दिएका छन् ।

जनकपुरधाममा बुधबार प्रदेश वन निर्देशनालयको कार्यालयमा पुगेर असन्तुष्ट कर्मचारीहरूले सरुवासम्बन्धी विभिन्न पाँचबुँदे माग अघि सारेका छन् । उनीहरूले प्रचलित नियम, कानुन र सरुवा मापदण्डलाई बेवास्ता गर्दै गरिएको सरुवा निर्णयप्रति आपत्ति जनाएका छन् ।

वन कर्मचारीका अगुवा बेचन महतोले कर्मचारीहरूमाथि अन्याय भएको भन्दै मापदण्डअनुसार सबै कर्मचारीको सम्मानजनक र न्यायपूर्ण सरुवा गर्नुपर्ने माग गरे। सरुवा नगरिएका कर्मचारीलाई पनि सरुवा गर्नुपर्ने र कसैलाई सरुवा नगर्नुको कारण स्पष्ट खुलाउनुपर्ने उनको भनाइ छ।



असन्तुष्ट कर्मचारीहरूले सरुवा नगरिएका कर्मचारीको समेत सरुवा गर्नुपर्ने, सबै कर्मचारीको सरुवा प्रक्रिया पूरा नभएसम्म हाल कार्यरत जिल्लाबाट सरुवाका लागि तयार पारिएको रमाना पत्र नबुझ्ने र हालको सरुवा मापदण्ड रद्द गर्नुपर्ने माग गरेका छन् ।

त्यसैगरी, महिला कर्मचारीको सरुवा गर्दा उनीहरूका बालबच्चा भए-नभएको यकिन गर्नुपर्ने तथा सरुवा अघि कर्मचारीसँग लिखित निवेदन माग गरिए पनि सोही अनुसार सरुवा नगरिनुको कारणबारे स्पष्ट जवाफ दिनुपर्ने उनीहरूको माग छ ।

महतोले सरुवाका नाममा कर्मचारीहरूबीच भेदभाव गरिएको आरोप लगाउँदै सबैलाई समान व्यवहार गरी सम्मानजनक ढंगले सरुवा गर्नुपर्नेमा जोड दिए।

यसैबीच, प्रदेश वन निर्देशनालयकानिर्देशककार्यालयमा अनुपस्थित रहेकाले उपसचिव अजय मिश्रले कर्मचारीहरूको मागबारे निर्देशकलाई जानकारी गराइ आवश्यक कारबाही अघि बढाउने आश्वासन दिएका छन् ।

यता, चुरे तथा वनजंगल संरक्षण अभियानका अभियानी सुनिल यादवले पनि असन्तुष्ट कर्मचारीका माग तत्काल सम्बोधन गर्न आग्रह गरेका छन् । कर्मचारी सरुवा मापदण्ड अनुसार निम्नस्तरका कर्मचारीलाई घरपायक पर्ने स्थानमा सरुवा गर्नुपर्ने व्यवस्था भए पनि त्यसलाई बेवास्ता गर्दै मनोमानी रूपमा सरुवा गर्नु गलत भएको उनको टिप्पणी छ।

### दुर्घटना भए जिम्मेवारी कसले लिने ?

## जोखिमपूर्ण झुला रंगभूमि मैदानमा, अनुमति र सुरक्षा परीक्षणमाथि प्रश्न

**टुडे समाचारदाता**

जनकपुरधाम । गत वर्ष वडा दसैंका बेला जनकपुरधामस्थित राजदेवी मन्दिर परिसरमा लगाइएको रोटेपिङको रड भाँचिएपछि ५६ जना श्रद्धालुको ज्यान जोखिममा परेको थियो । नेपाली सेना र सशस्त्र प्रहरीले करिब पाँच घण्टाको कठिन प्रयासपछि उनीहरूको उद्धार गरेका थिए । त्यस घटनापछि दशैं मेलामा रोटेपिङजस्ता जोखिमपूर्ण झुला सञ्चालन नगर्ने निर्णय गरिएको थियो ।

तर यस वर्ष पुनः महावीर युवा कमिटीले राजदेवी मन्दिर परिसरमा रोटेपिङलगायतका झुला सञ्चालन गर्न खोजेपछि आलोचना भएको थियो । स्थानीय प्रशासनले बाल मनोरञ्जनबाहेक अन्य गतिविधि नगर्न निर्देशन दिएको बताइए पनि मन्दिर परिसरबाट हटाइएका झुला अहिले बारहबिघा मैदानमा जडान गरिएका छन् । त्यहाँ तीनदेखि चारवटा ठूला झुला सञ्चालनको तयारी गरिएको छ।



अनुमति, दर्ता, बीमा तथा प्राविधिक सुरक्षा परीक्षणबिनै यस्ता जोखिमपूर्ण झुला सञ्चालन गर्न लागिएको भन्दै सम्बन्धित निकायको भूमिकामाथि प्रश्न उठेको । कुनै दुर्घटना भए जिम्मेवारी कसले लिने भन्ने अन्योलसमेत देखिएको छ।

**अनुमति दिने निकायबीच जिम्मेवारीको अन्योल**

जिल्ला प्रशासन कार्यालय धनुषाका अनुसार झुला सञ्चालनसँग सम्बन्धित अनुमति वृहत्तर जनकपुर क्षेत्र विकास परिषद् र जनकपुरधाम उपमहानगरपालिकाले दिएको बताइएको छ । तर दुवै निकायले आफूहरूले सांस्कृतिक कार्यक्रम तथा मेला आयोजनाका लागि मात्र अनुमति दिएको दाबी गरेका छन् ।

बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का प्रशासकीय अधिकृत जितेन्द्र यादवले रामानन्द युवा क्लबले मिथिला कला, संस्कृति र खानाको प्रवर्द्धन गर्दै पर्यटन विकास गर्ने उद्देश्यले कार्यक्रम आयोजना गर्न अनुमति माग गरेको थिए । त्यसपछि जानकी मन्दिर र उपमहानगरपालिकासँग अनुमति लिएर कसैलाई अवरोध नहुने गरी कार्यक्रम गर्न भनिएको उनले बताए ।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले पनि रामानन्द युवा क्लबले उपमहानगरपालिका र वृहत्तरको अनुमतिसहित मेला आयोजनाका लागि आदेश माग गरेपछि प्रशासनले अनुमति दिएको बताए।

उता, उपमहानगरपालिकाका राजस्व शाखा प्रमुख प्रमेश झाले रामानन्द युवा क्लबलाई रमाइलो मेला आयोजना गर्न शुल्क लिएर अनुमति दिएको बताए । तर झुलाको प्राविधिक परीक्षण र सम्भावित दुर्घटनाको जिम्मेवारी क्लबले लिनुपर्ने उनको भनाइ छ।

**सुरक्षा परीक्षण र बीमाबारे प्रश्न**

नेपालमेलामहोत्सवसंघकोकेन्द्रीयसमितिले पनि जिल्ला प्रशासन कार्यालय धनुषालाई पत्र पठाउँदै धार्मिक स्थलसँग जोडिएको क्षेत्रमा जोखिमपूर्ण मनोरञ्जनका साधन सञ्चालनको तयारीबारे ध्यानाकर्षण गराएको छ।

दशैं मेलामा बालबालिका, परिवार र सर्वसाधारणको ठूलो भीड लाग्ने भएकाले झुलाको प्राविधिक परीक्षण, संरचनाको मजबुती, सञ्चालन अनुमति, बीमा तथा आपत्कालीन उद्धारको व्यवस्था अनिवार्य रूपमा सुनिश्चित हुनुपर्ने देखिन्छ।

सांस्कृतिक कार्यक्रमका नाममा जोखिमपूर्ण झुला सञ्चालन भइरहेको हो भने त्यसको अनुमति कसले दिएको हो र आवश्यक मापदण्ड पूरा गरिएको छ कि छैन भन्ने विषयमा स्थानीय प्रशासनले स्पष्ट पार्न आवश्यक छ।

सामान्य राजस्व वा मनोरञ्जनका नाममा नागरिकको ज्यान जोखिममा पार्न मिल्दैन । रंगभूमि मैदान(बाह्रबिघा) मा जडान गरिएका झुलाको सुरक्षा परीक्षण, बीमा र वैधानिक अनुमति सुनिश्चित नभएसम्म सञ्चालन गर्न दिनु उचित नरहेको स्थानीयहरु बताउँछन् ।






अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# प्रदेशप्रति संघीय सरकार अनुदार

देशमा रहेको सातवटै प्रदेशका मुख्यमन्त्रीहरुले संघीय सरकारमाथि आक्रोश व्यक्त गरेका छन् । संविधानले प्रदेशलाई प्रदान गरेको अधिकारसमेत संघीय सरकारले उपभोग गर्न नदिएको मुख्यमन्त्रीहरुले गुनासो गरेका छन् । देशमा भइरहेको अपराध लगायतका घटनाहरु नियन्त्रण गर्न प्रदेश सरकार असक्षम भएको छ । उनीहरुले संविधानमा सुरक्षाको व्यवस्था प्रदेश सरकारले गर्ने उल्लेख भए पनि संघीय सरकारले प्रहरी प्रदेशलाई हस्तान्तरण गरेको छैन । प्रहरीले प्रदेश सरकारलाई वास्ता नगरेको मुख्यमन्त्रीहरुको दुखेसो छ । कोशी प्रदेशमा सम्पन्न भएको सातवटै मुख्यमन्त्रीहरुको सम्मेलनले संघीय सरकारले संविधान प्रदत्त अधिकारसमेत प्रदेशलाई उपभोग गर्न नदिएको जनाउँदै केन्द्र सरकारप्रति असन्तुष्टि जनाएका छन् । संविधानप्रदत्त अधिकार कार्यान्वयनमा संघीय सरकारले उदासीनता देखाएको प्रहरी समायोजन, निजामती सेवा ऐन निर्माण, वित्तीय अधिकार हस्तान्तरण र प्रदेशको स्वायत्तताका विषयमा संघ सरकारको ढिलासुस्तीले प्रदेश संरचना कमजोर बनेको मुख्यमन्त्रीहरुको ठहर छ । 'अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलन'मा सहभागी मुख्यमन्त्रीहरूले संघीयता प्रभावकारी बनाउन प्रदेशलाई अधिकार सम्पन्न बनाउनु पर्नेमा जोड दिए । प्रदेशको अधिकार, पहिचान र सुदृढीकरणका लागि मुख्यमन्त्रीहरूबीच हुने सम्मेलनमा संघीय सरकारको अनिवार्य सहभागिता आवश्यक नरहेको मुख्यमन्त्रीहरुको निष्कर्ष रहेको छ । संघीय सरकारले आयोजना गर्ने सम्मेलन तथा बैठकमा निमन्त्रणा अनुसार सहभागी हुने गरेका मुख्यमन्त्रीहरुले प्रदेशका साझा सवालमा छलफल गर्न केन्द्र सरकारलाई नै खोज्नुपर्ने बाध्यकारी व्यवस्था छैन । संघीय सरकारको केन्द्रीकृत मानसिकता, राजनीतिक दलका शीर्ष नेताहरूको उदासीनता र प्रदेशलाई 'सेतो हात्ती' भन्ने भाष्यप्रति मुख्यमन्त्रीहरु आक्रोसित देखिए । अधिकार नदिइ परिणाम मात्र खोज्ने प्रवृत्ति अन्त्य हुनु पर्नेमा उनीहरुको जोड रहेको छ । देशमा संघीयता आएको नै धेरै राजनीतिक दलका शीर्ष नेताहरुलाई पचेको छैन । संघीय शासन प्रणाली लागु गर्नुपर्ने बाध्यतावश नै संविधानमा उल्लेख भएको छ । संविधान जारी गर्ने बखत पनि संघीयता विरोधी गतिविधिहरु भएका थिए । पुराना दलहरु नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी(नेकपा) लगायतका कयौँ दलका नेताहरुले प्रादेशिक संरचनालाई समृद्ध बनाउन चाहेका छैनन् । नयाँ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)मा पनि त्यो रोग सरिसकेको छ । देशमा संघीय संरचना सबल भए आमनागरिकले धेरै क्षेत्रमा राहत पाउने छन् । प्रदेशलाई अधिकार सम्पन्न बनाएर मात्र देश समृद्ध हुन सक्छ । केन्द्रिकृत मानसिकतालाई त्याग गर्नुपर्ने समय आइसकेको छ । संघीय सरकारले राष्ट्रिय योजना, नीतिहरुमा काम गर्नुपर्छ । प्रदेशलाई प्रादेशिक स्तरमा काम गर्ने अधिकार दिनुपर्छ । शिक्षा, स्वास्थ्य, सुरक्षा, भूमि व्यवस्था, वन जंगल लगायतका कार्यहरु प्रदेशले कुशलतापूर्वक गर्न सक्छ । संघीय सरकार प्रदेश प्रति उदार हुनुपर्छ । सबै दलका शीर्ष नेताहरुले प्रदेशको भूमिकालाई प्रभावकारी बनाउन अधिकार प्रदान गर्ने सवालमा एकमत हुनुपर्छ ।

# भगवान स्कन्दलाई गोदमा धारण गर्ने स्कन्दमाता

***या देवी सर्वभूतेषु मां स्कंदमाता रूपेण संस्थिता।***
***नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः।।***

यसको अर्थ हो हे माता ! सर्वत्र विराजमान र स्कंदमाताको रूपमा प्रसिद्ध अम्बे हजुरलाई मेरो कोटिकोटि प्रणाम छ । म हजुरलाई बारंबार प्रणाम गर्छु । हे माता, मलाई सबै पापबाट मुक्ति प्रदान गर । यस दिन साधक को मन 'विशुद्ध' चक्रमा अवस्थित हुन्छ ।

भगवान स्कंद 'कुमार कार्तिकेय'को नामबाटपनि मातालाई स्मरण गरिन्छ । यो प्रसिद्ध देवासुर संग्राममा देउताहरुको प्रधान सेनापति बन्नु भएको थियो । पुराणहरुमा उहाँलाई कुमार र शक्ति भनेर महिमाको वर्णन गरिएको छ ।

उहाँ भगवान स्कन्दमाता भएको कारण मां दुर्गाजीको यस स्वरूपलाई स्कंदमाताको नामले पुजिन्छ ।

स्कन्दमाताको कृपाले मुर्खपनि ज्ञानी हुने गर्छ । स्कन्द माताको आफ्नो गोदमा धारण गर्नु भएकी माता देवीको नाम स्कन्दमाताको नामले विख्यात छन् ।पहाडमा बसेर संसारिक जीवमा नवचेतनाको निर्माण गर्ने स्कन्दमाता हुन् ।

बडा दशैमा पाँचौ दिन स्कन्दमाताको पूजा अराधना गरिन्छ ।पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रम्हचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा र पाँचौ दिन स्कन्द माताको पुजा गरिन्छ । दूर्गा मन्दिर र पण्डालमा बनाईने दूर्गाको मुर्तीहरुमा स्कन्द माताको स्वरुप निर्माण भएको देखिदैन् ।

तर पाँचौ दिन उहाँको पूजा गरिन्छ ।हिन्दूहरुको धर्मग्रन्थहरुमा नवरात्री सम्बन्धी पूजा विधिमा स्कन्दमाताको पूजा पाँचौ दिन गरिन्छ ।स्कन्दमाताको कृपाले मुर्खपनि विद्वान बन्ने गर्छ ।विधिविधान पूर्वक गरिने पूजाबाट माता प्रसन्न भै साधकलाई मनवाञ्छित फल प्रदान गर्नु हुन्छ ।

स्कंद कुमार कार्तिकेयकी माताको कारण उहाँलाई स्कंदमाताको नामले अभिहित गरिएको छ ।

उहाँको गोदमा भगवान स्कंद बालरूपमा विराजमान हुनुहुन्छ । स्कन्दमाताको कृपा प्राप्तिका लागि ठूलो जपजापपनि आवश्यक नपर्ने बताईन्छ । अत्यन्त निष्ठापूर्वक उहाँको भक्तिपुजा गरी साधकहरु सिद्धी प्राप्त गर्छन् ।

स्कन्दमाताको चार हात छन् ।दाहिने तर्फको उपरको हातले भगवान स्कन्दको बालस्वरुपलाई समात्नु भएको छ ।

तलको हातमा कमलको पुष्प रहेको छ । बायाँ तर्फको माथिल्लो हातमा वरदमुद्रा र तलको हातमा कमल पुष्प रहेको छ ।उहाँको वर्णन अत्यन्त शुभ रहेको छ ।उहाँ कमलको आसनमा विराजमान रहनुहुन्छ ।उहाँ कमलको आसनमा विराजमान रहने भएकाले पद्यमासन पनि भनिन्छ ।स्कन्दमाताको सवारी सिंह रहेको छ ।उहाँ सिंहमा सवार भएर भक्तहरु समक्ष पुग्ने गरेको धार्मिक मान्यता छ ।

शास्त्रमा स्कन्दमाताको अत्यन्त महत्वको वर्णन गरिएको छ ।उहाँको उपासनाले भक्तको सम्पूर्ण ईच्छापूर्ण हुन्छ ।भक्तले मोक्ष प्राप्ति गर्छन् ।उहाँ सूर्यमण्डलको अधिष्ठात्री देवी भउको कारण उहाँको भक्तहरुले अलौकिक तेज र कान्तिमय हुन्छन् ।स्कन्दमाताका भक्तहरुमा अत्यन्त तेज हेर्न सकिन्छ ।

मनलाई एकाग्रचित र पवित्र बनाएर स्कन्दमाताको आराधना गर्ने भक्त, साधकहरुलाई भवसागर पार गर्न कुनै कठिनाई हुँदैन् ।



नवरात्रि-पूजनको पाँचौ दिन शास्त्रमा पुष्कलको महत्व वर्णन गरिएको छ । यस चक्रमा अवस्थित मन भएका साधकको समस्त बाह्य क्रिया एवं चितवृतीको लोप हुन्छ । उनी विशुद्ध चैतन्य स्वरूप तर्फ अग्रसर भईरहेका हुन्छन् ।

साधकको मन समस्त लौकिक, सांसारिक, मायिक बंधनबाट विमुक्त भएर पद्मासना स्कन्दमाताको स्वरुपमा पूर्णत :तल्लिन भएका हुन्छन् । यो समयमा साधकले पूर्ण सावधानीपूर्वक उपासना तर्फ अग्रसर हुनु पर्छ । आफ्नो सम्पूर्ण ध्यान वृतिलाई एकाग्र राख्दै साधनको पथमा अगाडी बढनु पर्छ ।

उहाँको पूजाले मोक्षको मार्ग सहज हुन्छ ।स्कन्दमाता विद्वान र सेवक उत्पन्न गर्ने अत्यन्त शक्तिशाली हुन् । चेतनाको निर्माण गर्ने स्कन्दमाता कल्याणकारी हुनुहुन्छ ।

भनिन्छ काली दासले रचना गरेको बहुचर्चित ज्ञानोपयोगी रघुवंशम महाकाव्य र मेघदूतको रचना स्कन्दमाताकै कृपाले संभव भएको हो ।स्कन्दमाताको कृपा भएपछि काली दास सर्वत्र पुजनिय भक्त बने ।

स्कन्दमाताको पूजामा भक्ति र निष्ठा आवश्यक मानिन्छ ।साधकहरु जति भक्ति र निष्ठापूर्वक पूजा गर्छन्, माताको कृपा त्यती चाँडौ बर्सिन्छ ।स्कन्दमाताको स्वरुप दयालु हो ।साधकमाथि उहाँको कृपा वर्षा हुन्छ ।

# सन्तानको भविष्यमा : समयको लगानी गरौं



पुष्पराज भट्टराई

आफ्ना सन्तानसँग मन खोलेर कुरा गरेको अन्तिम दिन कहिले थियो ? छोराछोरीका कुरा ध्यान दिएर सुन्ने गर्नुभएको छ ? तपाईंलाई थाहा छ, यतिखेर तपाईंको बच्चाले मनमा के सोचिरहेको छ, के चाहिरहेको छ र भविष्यका बारेमा कस्तो सपना देखिरहेको छ ?

बिहानै काममा निस्किने र साँझ थकित भएर घर फर्किने अभिभावकलाई यस्ता प्रश्न सोध्दा जवाफ फरक-फरक आउन सक्छन् । कसैले विद्यालयमा पढाउने, ट्युसन राख्ने र आवश्यक शुल्क तिर्ने काम आफूले गरिरहेको बताउलान् । कसैले व्यापार, खेतीपाती र घरायसी कामका कारण सन्तानलाई पर्याप्त समय दिन नसकेको स्वीकार गर्लान् । कतिपयलाई लाग्न सक्छ, बालबालिकाको पढाइ र व्यवहार सुधार्ने जिम्मेवारी विद्यालयको हो । तर एउटा प्रश्न विचारणीय छ–बालबालिकालाई पढाउने जिम्मेवारी विद्यालयको भए पनि उनीहरूको भावना, व्यवहार, आत्मविश्वास र जीवनप्रतिको दृष्टिकोण निर्माणमा परिवारको भूमिका कति महत्वपूर्ण छ ?

अभिभावक र शिक्षकबीच एकअर्कालाई दोष दिने प्रवृत्तिले बालबालिकाका समस्या समाधान गर्दैन । विद्यालय र परिवार दुवैको भूमिका आवश्यक हुन्छ । बालबालिकाले विद्यालयमा सिक्ने ज्ञानलाई घरको वातावरण, पारिवारिक सम्बन्ध र दैनिक व्यवहारले पनि प्रभाव पार्छ । त्यसैले सन्तानको भविष्य निर्माणलाई विद्यालयको जिम्मेवारीमा मात्र सीमित गर्न मिल्दैन ।

### समय छ, तर सागै बस्ने समय छैन

आज धेरै परिवारमा भौतिक सुविधा बढेका छन् । बालबालिकाले राम्रो विद्यालयमा पढ्ने, आवश्यक शैक्षिक सामग्री पाउने र डिजिटल प्रविधिको प्रयोग गर्ने अवसर पाएका छन् । तर सुविधा बढ्दैमा परिवारबीचको संवाद पनि बढेको छ भन्ने छैन । एउटै घरमा बसेका सदस्यहरू आफ्नै मोबाइल र काममा व्यस्त हुँदा आपसी कुराकानीका अवसर घट्न सक्छन् । बालबालिकालाई महँगा उपहार र सुविधाको आवश्यकता हुन सक्छ । तर उनीहरूलाई आफ्ना कुरा सुनिदिने, समस्या बुझिदिने र कठिन समयमा साथ दिने अभिभावक पनि चाहिन्छन् । परिवारसँग बसेर खाना खानु, दिनभरिका अनुभव सुनाउनु, विद्यालयमा भएको घटनाबारे कुरा गर्नु र जिज्ञासाको उत्तर पाउनु पनि बालबालिकाका लागि महत्वपूर्ण अनुभव हुन् । बालबालिकाले उपदेशबाट मात्र सिक्दैनन् । उनीहरूले अभिभावकको व्यवहार पनि हेर्छन् । घरमा एकअर्काप्रति सम्मान छ कि छैन, विवाद हुँदा कस्तो व्यवहार गरिन्छ ? गल्ती गर्ने व्यक्तिसँग कसरी बोलिन्छ र अरूको दुःखप्रति कस्तो संवेदना देखाइन्छ ? भन्ने जस्ता कुराले उनीहरूको सिकाइमा प्रभाव पार्छ ।

हार्वर्ड विश्वविद्यालयको सेन्टर अन द डेभलपिङ चाइल्डले बालबालिका र उनीहरूको हेरचाह गर्ने व्यक्तिबीच हुने संवेदनशील तथा दोहोरो संवादलाई बाल विकासको महत्वपूर्ण आधारका रूपमा प्रस्तुत गरेको छ । बालबालिकाले कुनै कुरा देखाउँदा वा प्रश्न गर्दा वयस्कले ध्यान दिएर प्रतिक्रिया दिनु यस्तो संवादको उदाहरण हो । यसले भाषा, सामाजिक सीप र भावनात्मक विकासका आधार तयार गर्न सहयोग गर्छ । यसका लागि अभिभावकले दिनभरि सन्तानसँगै बस्नैपर्छ भन्ने होइन । व्यस्तताबीच पनि केही समय छुट्याएर उनीहरूको कुरा ध्यानपूर्वक सुन्नु, अनुभवलाई महत्व दिनु र आवश्यक पर्दा सहयोग गर्नु प्रभावकारी अभिभावकत्वको हिस्सा हो ।

### माया, अनुशासन र सन्तानको आफ्नै सपना

हरेक अभिभावक आफ्ना सन्तान स्वस्थ, शिक्षित, जिम्मेवार र सफल बनून् भन्ने चाहन्छन् । उनीहरूले राम्रो जीवन बिताऊन्, समाजमा सम्मानपूर्वक बाँचून् र परिवारप्रति जिम्मेवार बनून् भन्ने अपेक्षा राख्नु स्वाभाविक हो । तर सन्तानको भविष्यबारे सोच्दा एउटा प्रश्न सोध्न आवश्यक छ–हामीले उनीहरूको रुचि बुझिरहेका छौं कि आफ्ना अपेक्षा पूरा गराउन खोजिरहेका छौं ?

कुनै बच्चा डाक्टर बन्न चाहन्छ, अर्को इन्जिनियर बन्न चाहन्छ वा कसैको रुचि कला, खेलकुद, कृषि, प्रविधि अथवा उद्यममा हुन सक्छ । अभिभावकको अनुभव र सुझाव उपयोगी हुन्छन् । तर सन्तानको क्षमता, रुचि र चाहनालाई नबुझी आफ्नो अधुरो सपना उनीहरूमाथि थोपर्नु उचित हुँदैन । सन्तानले अभिभावकको सपना पूरा गर्नैपर्छ भन्ने छैन । उनीहरूलाई आफ्नो बाटो पहिचान गर्न र त्यसमा अघि बढ्न सहयोग गर्नु अभिभावकको महत्वपूर्ण जिम्मेवारी हो । यस क्रममा माया र अनुशासनबीच सन्तुलन आवश्यक हुन्छ । अत्यधिक कठोरताले बालबालिकामा डर र दूरी पैदा गर्न सक्छ भने कुनै सीमा नै नराख्दा जिम्मेवारीबोध विकास गर्न कठिन हुन सक्छ । अनुशासन भनेको गाली गर्नु वा डर देखाउनु मात्र होइन । कुनै काम किन उचित छैन भन्ने बुझाउनु, गल्तीबाट सिक्ने अवसर दिनु र व्यवहार सुधार्न सहयोग गर्नु पनि अनुशासन हो ।

बच्चाले असहमति जनाउँदा उसको कुरा सुन्नु कमजोरी होइन । उसलाई आफ्नो विचार व्यक्त गर्ने अवसर दिनु र आवश्यक सीमाबारे स्पष्ट पार्नु स्वस्थ सम्बन्धको आधार हो । अभिभावकले निर्णय गर्नुपर्ने अवस्था आउन सक्छ, तर निर्णयको कारण बुझाउने र बालबालिकाको विचारलाई सम्मान गर्ने अभ्यासले विश्वास बढाउन सक्छ ।

### सामाजिक सञ्जाल, मोबाइल र बालमस्तिष्क

आजका बालबालिकाको संसार घर र विद्यालयमा मात्र सीमित छैन । मोबाइल, इन्टरनेट, डिजिटल खेल र सामाजिक सञ्जाल उनीहरूको दैनिक जीवनका हिस्सा बनेका छन् । यी माध्यमबाट उनीहरूले नयाँ जानकारी प्राप्त गर्न, सिक्न, सिर्जना गर्न र साथीहरूसँग सम्पर्कमा रहन सक्छन् । तर प्रयोगको तरिका, सामग्री र समयले उनीहरूको दैनिक जीवनमा कस्तो प्रभाव पारिरहेको छ ? भन्ने विषयमा अभिभावक सचेत हुनुपर्छ ।

विश्व स्वास्थ्य संगठनले बालबालिका र किशोरकिशोरीमा लामो समय निष्क्रिय भएर बिताउने व्यवहारलाई सीमित गर्नुपर्ने विषय उठाएको छ । विशेषगरी मनोरञ्जनका लागि अत्यधिक स्क्रिन प्रयोग गर्दा निद्रा, शारीरिक गतिविधि र अन्य दैनिक अभ्यासमा असर पर्न सक्छ । यद्यपि स्क्रिन प्रयोगका सबै प्रभाव समान हुँदैनन् र हरेक समस्याको कारण मोबाइललाई मात्र मान्न मिल्दैन । युनिसेफ इन्नोसेन्टीको सन् २०२५ को 'चाइल्डहुड इन अ डिजिटल वर्ल्ड' प्रतिवेदनले बालबालिकाको डिजिटल जीवनमा अवसरसँगै सुरक्षा र मानसिक स्वास्थ्यका चुनौतीलाई पनि ध्यान दिनुपर्ने विषय उठाएको छ । त्यसैले डिजिटल माध्यमलाई पूर्ण रूपमा खराब ठान्नु वा कुनै निगरानीबिना प्रयोग गर्न दिनु दुवै उचित दृष्टिकोण होइनन् । अभिभावकले बच्चाले के हेरिरहेको छ ? कति समय स्क्रिनमा बिताइरहेको छ र त्यसले पढाइ, निद्रा, खेलकुद तथा पारिवारिक सम्बन्धमा कस्तो प्रभाव पारेको छ ? भन्ने बुझ्नुपर्छ । अनलाइनमा अपरिचित व्यक्तिसँगको सम्पर्क, अनुपयुक्त सामग्री र व्यक्तिगत जानकारीको सुरक्षाबारे पनि उमेरअनुसार बुझाउन आवश्यक छ ।

मोबाइल नचलाउन आदेश दिनुभन्दा त्यसको उचित प्रयोगबारे संवाद गर्नु बढी उपयोगी हुन्छ । पुस्तक पढ्ने, खेलकुदमा सहभागी हुने, घरायसी काम सिक्ने, बगैंचामा समय बिताउने र परिवारसँग कुराकानी गर्ने अवसर पनि दिनुपर्छ । लामो बिदा वा विद्यालय बन्द भएका बेला घरलाई समेत सिकाइको ठाउँ बनाउन सकिन्छ । सिकाइ विद्यालयको चार भित्ताभित्र मात्र सीमित हुँदैन ।

### बदलिँदो समयसँगै बदलिनुपर्ने अभिभावकत्व

आजका बालबालिकाले सूचना र प्रविधिमार्फत् धेरै कुरा जान्ने अवसर पाएका छन् । उनीहरूले विभिन्न विषयमा प्रश्न गर्छन्, आफ्ना धारणा राख्छन् र कतिपय अवस्थामा अभिभावकसँग असहमति पनि जनाउँछन् । यसलाई अभिभावकको अधिकार घटेको रूपमा मात्र बुझ्नु हुँदैन । बालबालिकाको बदलिँदो आवश्यकता बुझेर अभिभावकत्वको शैली परिमार्जन गर्नुपर्ने संकेतका रूपमा लिनुपर्छ ।

शिक्षा कति महँगो छ वा विद्यालय कति प्रतिष्ठित छ ? भन्ने प्रश्नसँगै बच्चाले सिकेको कुरा जीवनमा कसरी प्रयोग गरिरहेको छ ? भन्ने प्रश्न पनि महत्वपूर्ण छ । हामीले सन्तानलाई माछा खान मात्र सिकाइरहेका छौं कि माछा मार्ने सीप पनि सिकाइरहेका छौं ? उसलाई तयार उत्तर दिइरहेका छौं कि आफैं सोच्न, प्रश्न गर्न र समस्या समाधान गर्न पनि सिकाइरहेका छौं ? बालबालिकाको विकास एउटै कारणले निर्धारण हुँदैन । परिवार, विद्यालय, साथीभाइ, सामाजिक वातावरण र व्यक्तिगत अनुभवले त्यसमा भूमिका खेल्छन् । त्यसैले अभिभावकले सन्तानलाई राम्रो व्यवहार गर्न सिकाउँदा आफ्नै व्यवहारमा पनि ध्यान दिनुपर्छ । हामी आफैं मोबाइलमा व्यस्त भएर बच्चालाई मोबाइल नचलाऊ भन्छौं भने हाम्रो भनाइको प्रभाव सीमित हुन सक्छ । हामी अरूसँग कठोर व्यवहार गरेर बच्चालाई नम्र हुन सिकाउन खोज्छौं भने उसले हाम्रो व्यवहारबाट के सिक्ला ? बालबालिकालाई दिनुपर्ने शिक्षा र हामीले व्यवहारमा देखाउने उदाहरणबीच मेल हुनु आवश्यक छ ।

अभिभावक बच्चाका पहिलो आदर्श हुन् । उनीहरूले घरबाटै भाषा, सम्बन्ध, सम्मान, अनुशासन र जिम्मेवारीबारे सिक्न थाल्छन् । बच्चाले राम्रो काम गर्दा प्रशंसा गर्नु र गल्ती गर्दा व्यक्तिलाई अपमान नगरी व्यवहार सुधार्न सहयोग गर्नु आवश्यक छ । 'तिमी खराब छौ' भन्नुभन्दा 'तिमीले गरेको यो काम ठीक भएन' भन्नु बढी उपयोगी हुन्छ । घर बच्चाले आफ्ना समस्या निर्धक्क सुनाउन सक्ने सुरक्षित ठाउँ बन्नुपर्छ । समस्या सुनाउँदा गाली हुन्छ वा अपमान सहनुपर्छ भन्ने डर भयो भने उसले आफ्ना कुरा लुकाउन सक्छ । त्यसैले अभिभावकले सन्तानको कुरा सुन्ने, उसको भावनालाई बुझ्ने र आवश्यक पर्दा मार्गदर्शन गर्ने वातावरण बनाउनुपर्छ ।

### बच्चाको सानो मन बुझौं :

हरेक अभिभावक आफ्नो बच्चा खुसी, स्वस्थ र आत्मविश्वासी भएको हेर्न चाहन्छन् । तर बच्चा सानो कुरामा रिसाउने, पढ्न मन नगर्ने, साथीहरूसँग घुलमिल हुन नचाहने वा एक्लै बस्ने गर्न थाल्यो भने अभिभावक चिन्तित हुन्छन् । यस्तो बेला बच्चालाई गाली गर्ने वा उसको व्यवहारलाई जिद्दी भनेर पन्छाउनेभन्दा उसको मनमा के चलिरहेको छ भनेर बुझ्ने प्रयास गर्नु आवश्यक हुन्छ । कहिलेकाहीं बच्चाको व्यवहारमा देखिने परिवर्तनको पछाडि डर, तनाव, असुरक्षा, घरको वातावरण वा विद्यालयमा भोग्नुपरेका समस्या हुन सक्छन् । साथीले जिस्क्याउनु, पढाइको दबाब, अभिभावकबीचको झगडा वा आफूलाई अरूले नबुझेको महसुस गर्नु पनि यसको कारण हुन सक्छ । बच्चाले आफ्नो कुरा स्पष्टसँग भन्न नसक्दा रिस, रोदन वा मौनतामार्फत भावना देखाउन सक्छ ।

बच्चाको मन बुझ्न ठूला कुरा गर्नुपर्दैन । दैनिक व्यवहारमा केही परिवर्तन गरे पनि धेरै सहयोग पुग्न सक्छ । बच्चाको कुरा सुनौं । उसले केही भन्न खोज्दा बीचमा नरोकौं । तुरुन्तै सल्लाह दिनुभन्दा पहिले उसको कुरा बुझौं । भावनालाई स्वीकार गरौं । बच्चा दुःखी वा रिसाएको छ भने 'यति सानो कुरामा किन रोएको ?' नभनी 'तिमीलाई दुःख लागेको रहेछ, मलाई भन' भनेर कुरा सुरु गरौं । गाली र तुलना नगरौं । अरू बच्चासँग तुलना गर्दा उसको आत्मविश्वास घट्न सक्छ । उसको प्रयास र प्रगतिलाई महत्व दिऔं । पढाइमा सहयोग गरौं । बच्चाले गृहकार्य गर्न नमान्दा अल्छी ठानिहाल्नु हुँदैन । पाठ बुझ्न कठिनाइ भएको छ कि, शिक्षकसँग डराएको छ कि वा थाकेको छ कि भनेर बुझौं । सँगै समय बिताऔं । हरेक दिन केही समय मोबाइल र अन्य कामबाट टाढा रहेर बच्चासँग कुरा गरौं, खेलौं वा उसको रुचिको काम गरौं । नियम र माया दुवै दिऔं । घरमा स्पष्ट र उचित नियम बनाऔं । गल्ती गर्दा अपमान वा कडा सजाय दिनुभन्दा गल्ती सुधार्ने तरिका सिकाऔं । भावना व्यक्त गर्न सिकाऔं । रिस उठ्दा केही समय शान्त बस्ने, गहिरो सास लिने वा आफूलाई के कुराले दुःखी बनायो भनेर बताउने अभ्यास गराऔं । बच्चालाई सधैं उपदेश होइन, कहिलेकाहीं सुन्ने कान र बुझ्ने मन चाहिन्छ । उसको कुरा सुनौं, भावना बुझौं र आवश्यक पर्दा सहयोग गरौं । बच्चाको भावनात्मक स्वास्थ्यमा आज गरेको सानो प्रयासले उसको आत्मविश्वास, सम्बन्ध र भविष्यमा सकारात्मक प्रभाव पार्न सक्छ ।


## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

- **मेष :** बोल्दा सचेत बन्नुपर्ने देखिन्छ ।
- **वृष :** स्वदेशमा लगानी गरेमा व्यापारमा फाइदा हुनेछ ।
- **मिथुन :** लगानीगर्नुअगाडिसचेतबन्नुपर्नेदिनछ।
- **कर्कट :** स्वदेशमै रोजगारीको अवसर मिल्ने छ। अध्ययनमा मन जानेछ ।
- **सिंह :** विरोधी साथीको संख्याको बहुमत छ। व्यवहार गर्दा सचेत बन्नुपर्ने देखिन्छ।
- **कन्या :** दाम्पत्य जीवन सुखमय बन्नेछ । साथीभाइको साथ र सहयोग मिल्ने छ।
- **तुला :** बौद्धिक व्यक्तिसंगको भेटले मन प्रशन्न बन्नेछ ।
- **वृश्चिक :** कुनै योजना बनाएको भए अगाडि बढाउनु होला ।
- **धनु :** दाजुभाइको साथ र सहयोग प्राप्त हुन्छ। सल्लाह गरेर अगाडि बढेमा प्रगति हुनेछ।
- **मकर :** धनस्थानमा चन्द्रमा पुगेकाले सम्पत्तिको सदुपयोग गर्नु उचित हुनेछ।
- **कुम्भ:** सोचेको काम बन्नेछ। परिवारको साथ र सहयोग प्राप्त हुनेछ।
- **मीन:** गणेश भगवानप्रति आस्था मात्र राखेमा शिक्षाको क्षेत्रमा प्रगति हुनेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वेको समय तालिका

### जनकपुरधाम - जयनगर

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

### जयनगर - जनकपुरधाम

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# महगीले खर्चिलो बन्दैछ दशैं



काठमाडौँ, २८ असोजः काठमाण्डु उपत्यकाभित्रका प्रायः सबै मुख्य बजारमा अहिले किनमेल गर्ने सर्वसाधारणको भीड लागेको छ।

दशैं नजिकिँदै गर्दा खासगरी सहरी क्षेत्रका भोटाहिटी, ठमेल, असन, इन्द्रचोक, जमल, विशालबजार, सुन्धरा, खिचापोखरी, नयाँसडक, बागबजार, डिल्लीबजार, बानेश्वर, पुतली सडकलगायतका क्षेत्रमा लुगाफाटा र आवश्यक सरसामान खरिद गर्नेको चहलपहल बाक्लो रुपमा रहेको पाइएको छ।

गत भदौ १० गते भोटेकोशी बाढीपछि छिमेकी मुलुक चीनतर्फको दुई वटा नाका ठप्प भएकाले पनि अघिल्लो वर्षको तुलनामा बजारमा खासगरी लत्ताकपडाको मूल्य केही बढेको हुनसक्ने उपभोक्ताको अनुमान छ । हुन त दैनिक उपभोग्यवस्तुसहित खाद्यान्नको मूल्य पनि पछिल्लो समय निकै बढेको उपभोक्ताको गुनासो छ।

काठमाण्डु महानगर पालिका-३२ का शालिकचन्द्र शर्माले महङ्गी बढेसँगै चाडपर्व मनाउन पनि अप्ठ्यारो हुँदै गएको गुनासो गर्नुभयो।

"जिरा मसिनो चामलको भाउ एक बोरामा नै रु ३०० बढेको छ", उहाँले भन्नुभयो, "दसैंमा खानुपर्ने खसीको मासुको भाउ पनि प्रतिकिलो तीनदेखि ४०० ले बढेको छ। न्यून आय हुनेका लागि त दसैं मनाउन पनि मुस्किल हुने देखिएको छ।"

शालिकचन्द्र मात्रै होइन्, तिनकुनेकी स्मिता खत्री पनि यसपालीको दसैंमा आफ्ना परिवारका सदस्यलाई एकजोर नयाँ लुगा फेरिदिने सोचमा हुनुहुन्छ। तर, लत्ताकपडाको भाउ बढे पनि जेनतेन तीन सन्तानलाई नयाँ लुगा किनमेल गरिसकेको बताउनुभयो । "दसैंमा एकसरो लुगा त फेरिदिनुपर्‍यो नी", उहाँले भन्नुभयो, "सीमित आयस्रोत हुनेलाई दसैं त दशा जस्तै हुने के गर्नु नमनाएर पनि नहुने।"

आम्दानीको स्रोत कम हुनेलाई दसैं मनाउने विषय धेरै सास्ती हुने गरेको सर्वसाधारण उपभोक्ताको भनाइ छ। उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष माधव तिमल्सिनाले यसपालीको दसैंमा खाद्यान्न, लत्ताकपडा र अन्य अत्यावश्यक सरसमानको भाउ निकै वृद्धि भएको बताउनुभयो। "बजारमा सबैखालको खाद्यान्नमा भाउ बढेको छ", उहाँले भन्नुभयो, "अहिले त ताजा तरकारी, फलफूलदेखि मासुजन्य पदार्थको मूल्य आकासिएको छ।"

अध्यक्ष तिमिल्सिना नियमित रुपमा बजार अनुगमन गरी मूल्यवृद्धिलाई नियन्त्रण गर्नेतर्फ सरकारका समयन्त्र अग्रसर हुनुपर्ने बताउनुहुन्छ।

"सरकारले आपूर्ति शृंखलालाई नियमित गर्ने र मूल्यवृद्धि नियन्त्रणमा हस्तक्षेप गरेर नै अघि बढ्नुपर्ने जरुरी देखिएको छ", उहाँले भन्नुभयो।

नेपाल हिमालयन सीमापार वाणिज्य सङ्घका महासचिव रामचन्द्र पराजुलीले छिमेकी मुलुक चीनसँग जोडिएका मुख्य लाइफलाइनका रुपमा रहेका रसुवा र तातोपानीका नाका अवरुद्ध हुँदा वस्तु तथा समान ल्याउन असहज भइरहेको बताउनुभयो।

"चीनसँग जोडिएका नाका अवरुद्ध हुँदा व्यापारमा पनि ठूलो असर पारेको छ", उहाँले भन्नुभयो, "चीनतर्फबाट दसैंलगायत पर्वलाई लक्षित गरी ल्याउन लागिएका करिब रु पाँच अर्ब मूल्य बराबरका सामान नाकामा रोकिएको छ।

वाणिज्य आपूर्ति तथा उपभोक्त संरक्षण विभागका महानिर्देशक रितेशकुमार शाक्यले विभागले चाडपर्व लक्षित अनुगमनलाई तीव्रता दिँदै आइरहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "अहिले दैनिक २५ देखि ५० वटा विभिन्न फर्म तथा कम्पनीको अनुगमन गर्दै आइरहेका छौं । अधिकतम खुद्रा मूल्यभन्दा धेरै मूल्य लिने व्यापारी तथा व्यवसायीलाई पनि आवश्यक कानुनी दायरामा ल्याइरहेका छौं।" रासस

## माईग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको माइग्रेशन सर्टिफिकेट मिति २०८३/०६/२० गते धनुषा जिल्ला हंसपुर न.पा. कुम्हरटोल देखि हंसपुर बेल्ही चोक जाने क्रममा हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : गुडिया कुमारी ठाकुर**
**रजिष्ट्रेशन नं.: ७५१७६४१००**
**माइग्रेशन नं.: M०५८७४७०**
**ठेगाना:जि.ध. हंसपुर न.पा.-३ (कुम्हार टोल)**
**मो.नं. ९८०५६७७७९२**

## यूनिक सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड
## भानूचौक, जनकपुरधाम
## सतरौं (१७) वार्षिक साधारण सभाको सूचना

यस संस्थाको मिति २०८३/०६/१७ गते बसेको सञ्चालक समितिको निर्णयानुसार संस्थाको सतरौं (१७) वार्षिक साधारण सभा तपसिलको मिति समय र स्थानमा बस्ने भएको हुँदा सम्पूर्ण शेयर सदस्यहरूलाई उपस्थितका लागि हार्दिक अनुरोध गर्दछौं।

**तपसिल**

**मिति** :- २०८३/०७/०७ गते शनिवार
**समय** :- दिनको ०२ बजे
**स्थान** :- संस्थाको कार्यालय

**प्रस्तावहरू**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्युको प्रतिवेदन माथि छलफल र अनुमोदन गर्ने सम्बन्धमा।
२. आ.व.०८२/०८३ को लेखा परीक्षण प्रतिवेदन उपर छलफल र अनुमोदन गर्ने सम्बन्धमा।
३. आ.व.०८३/०८४ को वार्षिक कार्यक्रम तथा बजेट अनुमोदन गर्ने सम्बन्धमा।
४. आ.व.०८३/०८४ को लागी लेखा परीक्षक नियुक्ति र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा।
५. संचालक समितिले गरेका अन्य निर्णयहरु माथि छलफल र अनुमोदन सम्बन्धमा।
६. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न अधिकार प्राप्त २ सदस्यीय प्रतिनिधि मनोनयन गर्ने सम्बन्धमा।
७. विविध।

**अध्यक्ष**
**यूनिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**जनकपुरधाम**
**फोन नं. - ९७४३६१९४९७**

# देशभर १५ वटा विपद्का घटना, १० जना घाइते



काठमाण्डु । देशभर पछिल्लो २४ घण्टामा भएका १५ वटा विपद्का घटनामा परी १० जना व्यक्ति घाइते भएका छन्।

विपद्मा परी घाइते भएकाको स्थानीय स्वास्थ्य केन्द्र र सम्बन्धित जिल्लाका अस्पतालमा उपचार भइरहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ।

प्राधिकरणका अनुसार ती घटनामा रु २६ लाख ३३ हजार बराबरको भौतिक क्षति भएको छ। त्यस अवधिमा देशका विभिन्न स्थानमा आगलागी, सर्पदंशलगायतका विपद्का घटना भएका हुन् । प्राधिकरणका प्रवक्ता शान्ति महतका अनुसार मोरङ, सप्तरी, पाल्पा, सुर्खेत, कालीकोट र कञ्चनपुरमा सर्पदंशका घटना भएका छन्।

त्यस्तै मोरङ, धनकुटा, महोत्तरी, काठमाण्डु, कैलाली र कञ्चनपुरमा आगलागीका घटना भएका थिए। प्राधिकरणका अनुसार उक्त अवधिमा भएका विपद्का घटनाबाट मानवीय तथा पशुचौपायामा क्षति नभए पनि भौतिक सम्पत्तिमा क्षति पुगेको छ।रासस

## भूमि प्रशासन कार्यालय जनकपुरधाम, धनुषा
## म्याद तामेली सम्बन्धी ३०(तिस) दिने सार्वजनिक सूचना

जि.धनुषा गोठ कोयलपुर गा.वि.स.वडा नं.६ हाल शहिदनगर नगरपालिका वडा नं.२ हाल गणेशमान चारनाथ नगरपालिका वार्ड नं.३ मा बस्ने रामरुप कौरगिया यादवको नाति रामपृत कौरगिया यादवको छोरा वर्ष ५१ को बेचन प्रसाद यादव-१ वादी र जिल्ला धनुषा गा.वि.स.गोठ कोयलपुर वार्ड नं.१ हाल शहिदनगर नगरपालिका वडा नं.२ मा बस्ने दुखिया धनखोटी-१ प्रतिवादी भई कार्यवाहीयुक्त अवस्थामा रहेको मि.नं.१ डा.मि.२०८२/०४/०८ गतेको मरुवा मोही लगत कट्टा मुद्दामा विपक्षी/प्रतिवादीका नाउँमा जारी भएको १५ पन्ध्र दिने सूचना/म्याद बेपत्ते म्याद तामेली भई आएको हुँदा मिति २०८३/०६/२८ गतेमा प्रतिवादी नाउँमा सूचना/ म्याद सरहको सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गराई पेश गर्नु भनि भएको आदेशानुसार तपाई प्रतिवादी जिल्ला धनुषा गोठकोयलपुर गा.वि.स.वार्ड नं.१ मा बस्ने दुखिया धनखोटी-१ नाउँको म्याद सरहको यो ३०(तिस) दिने सार्वजनिक सूचना प्रकाशित भएको ३०(तिस) दिने म्याद बाहेक ३०(तिस) दिन भित्र मोही लगत कट्टा हुनु नपर्ने कारण सहित सम्माण सहित तपाई आफ्नो प्रतिउत्तर लिई आफै वा वारेस मुकरर गरी पठाई कानून बमोजिम हाजिर हुन आउनु होला म्याद भित्र नआएमा वा म्याद गुजारी बसेमा कानून बमोजिम उल्लेखित कित्ता जग्गाको मोही लगत कट्टा हुनेछ। पछि कुनै उजुर बाजुर लाग्ने छैन भनि जानकारीका लागि ३०(तिस) दिने म्याद सरहको यो सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा सादर अनुरोध छ।

**तपसील**

| सि.नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | मोहीको नाम, थर र ठेगाना |
|---|---|---|---|---|---|---|
| १. | धनुषा | गोठकोयलपुर | ९ख | २८ | ०-९-२ | दुखिया धनखोटी जि.धनुषा गोठकोयलपुर वार्ड नं.१ ठेगाना उल्लेख भएको। |

## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय गौर, रौतहटका तपसिलमा उल्लेखित जमानतकर्तालाई जमानत दायित्व (ऋण कर्जा) चुक्ता गर्न आउने बारेको ९० दिने सार्वजनिक सूचना।

**(सूचना प्रकाशित मिति २०८३/०६/२९ गते बिहिबारको जनकपुर टुडे राष्ट्रिय दैनिक)**

यस बैंकका तपशिलमा उल्लेखित ऋणीहरुले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त, कबुलियत उल्लघंन गर्नु भएको हुंदा कर्जा असुलीका लागि पटक पटक मौखिक तथा लिखित एवं यस अघिको विभिन्न मितिको राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा तहाँ जमानतकर्ताहरुलाई समेत कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्न सूचना प्रकाशित गरी तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा तहाँ जमानतकर्ताहरुले समेत कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्न चासो नदेखाई आलटाल गरी बसेको हुँदा बैंकले बाध्य भई ऋणीले कर्जा सुरक्षणको रुपमा बैंक समक्ष दिएको धितो सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री/धितो सकारको माध्यमबाट अंशिक कर्जा असुल उपर गरिएकोमा उक्त धितो सम्पत्तिबाट सम्पूर्ण कर्जा असुल उपर नभएको हुंदा नेपाल राष्ट्र बैंकबाट "क" "ख" "ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन नं. १२/०८२, नं. ९ (४) वमोजिम तहाँ जमानतकर्ताहरुलाई जमानत दायित्व चुक्ता गर्न आउने बारे यो सूचना प्रकाशित गरिएकोछ। अतः यो सूचना प्रकाशित भएको **मितिले ९० दिन भित्र** बाँकी कर्जा सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न तपसिलमा उल्लेखित जमानतकर्तालाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । यो सूचना समेतको बेवास्ता गरी उल्लेखित समयावधिभित्र बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट नगर्नु भएको खण्डमा तपाइँ जमानतकर्ताहरुलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने र जमानतकर्ताबाट कर्जा असूल उपर गर्न अन्य आवश्यक कानूनी प्रकृया शुरु गरिने व्यहोरासमेत यसै सूचना वमोजिम जानकारी गराउँदछौं। बैंकको उल्लेखित काम कारवाहीबाट तपाई जमानतकर्ताहरुको आफ्नो व्यावसायिक ख्याति, सामाजिक प्रतिष्ठा उपर पर्न सक्ने अन्य असर र त्यसबाट उत्पन्न हुन सक्ने परिणाम समेतलाई ध्यानमा राखी उल्लेखित समयावधि भित्र सम्पूर्ण जमानत दायित्व (कर्जा) चुक्ता फछ्र्यौट गर्न वा गराउनु हुन अपेक्षा गरिएको छ।

**तपसिल**

**जमानतकर्ताको विवरण :**

**१. ऋणी :** नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय रौतहट गौरमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७५/०२/०२ मा प्रा.फ.र.नं. ६०१७/७५६/१४ यमुनामाइ, स्थानीयमा दर्ता कायम भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजश्व बिभाग, आन्तरिक राजश्व कार्यालय, सिमरा बारा, करदता सेवा कार्यालय, गौर रौतहटबाट मिति २०७५/०२/०२ मा करदताको नाम जाकिर हुसैन कारोवारको नाम हुसैन ट्रेडर्स भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०७८३४५६७ को प्रमाणपत्र प्राप्त **हुसैन ट्रेडर्स।**
**ठेगाना :** रौतहट जिल्ला सरुअठा गा.वि.स. वडा नं. १, (हाल यमुनामाई गा.पा.वडा नं.४)।

| | |
|---|---|
| जमानतकर्ता : महमद साविर हुसैन (ना.प्र.नं. ३२१०२४/४१६८ जारी मिति २०६७/१०/०६ जारी गर्ने कार्यालय जि.प्र.का रौतहट)।<br>ठेगाना : रौतहट जिल्ला पचरुखी गा.बि.स.वडा नं. ४ (हाल दुर्गा भगवती गा.पा. वडा नं. ४)।<br>बाबु : तवारक हुसेन मिया।<br>बाजे : जलिल मिया। | जमानतकर्ता : तवारक हुसेन मिया (ना.प्र.नं. ३८८९ जारी मिति २०४५/०२/१३ जारी गर्ने कार्यालय जि.प्र.का रौतहट)।<br>ठेगाना : रौतहट जिल्ला पचरुखी गा.बि.स.वडा नं. ४ (हाल दुर्गा भगवती गा.पा. वडा नं. ४)।<br>बाबु : जलिल मिया।<br>बाजे : महम जान मिया। |
| जमानतकर्ता : महमद सकिर हुसैन (ना.प्र.नं. ३२/०१/७६/०६५८२ जारी मिति २०७६/०६/३० जारी गर्ने कार्यालय जि.प्र.का रौतहट)।<br>ठेगाना : रौतहट जिल्ला पचरुखी गा.बि.स.वडा नं. ४ (हाल दुर्गा भगवती गा.पा. वडा नं. ४)।<br>बाबु : तवारक हुसेन मिया।<br>बाजे : जलिल मिया। | जमानतकर्ता : फुल सरीफन नेसा (ना.प्र.नं. ३२३०२४/३३० जारी मिति २०६३/१२/१६ जारी गर्ने कार्यालय जि.प्र.का रौतहट)।<br>ठेगाना : रौतहट जिल्ला पचरुखी गा.बि.स. वडा नं. ४ (हाल दुर्गा भगवती गा.पा. वडा नं. ४)।<br>बाबु : मोलाजिम।<br>पति : तवारक हुसेन मिया। बाबु : जलिल मिया। |

**२. ऋणी :** नेपाल सरकार (साविक श्री ५ को सरकार), उधोग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, वीरगंज पर्सामा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०६२/०५/२० मा प्रा.फा.र.नं. २३५०६/०६२/६३ स्थानीय व्यापारमा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय,आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, सिमरा बाराबाट मिति २०६२/०६/२७ मा करदताको नाम रघुवंशा पाण्डे कारोवारको नाम मुकुल ट्रेडर्स एण्ड सप्लायर्स भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्र नं. ३०१९१८६०४ को प्रमाणपत्र प्राप्त **मुकुल ट्रेडर्स एण्ड सप्लायर्स।**
**ठेगाना :** रौतहट जिल्ला गौर न.पा. वडा नं. ९ (हाल गौर न.पा. वडा नं. ५)।

| | |
|---|---|
| **जमानतकर्ता : पुनम देवी पाण्डेय** (ना प्र नं. ३२-०१-७३-०७७४४ जारी मिति २०७३/०९/२१ जरी गर्ने कार्यालय जि.प्र.का रौतहट।<br>ठेगाना : रौतहट जिल्ला गौर न.पा. वडा नं. ११ (हाल गौर न.पा. वडा नं. ७)।<br>बाबु : मनोज कुमार पाण्डे।<br>पति : संजिप कुमार पाण्डेय। | **जमानतकर्ता : गाइत्री देवी** (ना प्र नं. ३७ जारी मिति २०४६/०२/२२ जारी गर्ने कार्यालय जि.प्र.का रौतहट।<br>ठेगाना : रौतहट जिल्ला सबगढा गा.वि.स. वडा नं. ७ (हाल गौर न.पा. वडा नं.७)।<br>बाबु : राम विलास तिवारी।<br>पति : रघुवंश पाण्डे।<br>ससुरा : लखन पाण्डे। |
| **जमानतकर्ता : राजीव कुमार पाण्डेय** (ना.प.नं. ६५५६ जारी मिति २०५९/०१/३१ जारी गर्ने कार्यालय जि.प्र.का रौतहट)।<br>ठेगाना : रौतहट जिल्ला गौर न.पा. वडा नं. ११ (हाल गौर न.पा. वडा नं. ७)।<br>बाबु : रघुवंश पाण्डे<br>बाजे : लखन पाण्डे | **जमानतकर्ता : संजिप कुमार पाण्डेय** (ना.प.नं. ३२१००१/३५०९ जारी मिति २०६७/०९/०२ जारी गर्ने कार्यालय जि.प्र.का रौतहट)।<br>ठेगाना : रौतहट जिल्ला गौर न.पा. वडा नं.११ (हाल गौर न.पा. वडा नं.७)।<br>बाबु : रघुवंश पाण्डे।<br>बाजे : लखन पाण्डेय। |
| **जमानतकर्ता : मुकुल कुमार पाण्डेय** (ना.प्र.नं. ३२-०१-७४-००६८३ जारी मिति २०७४/०२/०१ जरी गर्ने कार्यालय जि.प्र.का रौतहट)।<br>ठेगाना : रौतहट जिल्ला गौर न.पा.वडा नं. ५, (हाल गौर न.पा. वडा नं. ५)।<br>बाबु : रघुवंश पाण्डे।<br>बाजे : लखन पाण्डे। | **जमानतकर्ता : रेनु कुमारी तिवारी** (ना प्र नं. ३३१० ९२/१२४४ जारी मिति २०६६/०९/२७ जारी गर्ने कार्यालय जि.प्र.का बारा।<br>ठेगाना : बारा जिल्ला भलुही भरवलिया गा.वि.स.वडा नं. ९ (हाल फेटा गा.पा. वडा नं.१)।<br>बाबु : मनोज कुमार तिवारी।<br>पति : राजीव कुमार पाण्डेय। ससुरा : रघुवंश पाण्डे। |

**३. ऋणी :** नेपाल सरकार, उद्योग वाणिमज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग,घरेलु तथा साना उद्योग कार्यालय रौतहट गौरमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७१/०८/०९ मा प्रा.फ.र.नं. ३६२५/२१५ स्थानियमा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, सिमरा बारा, करदता सेवा कार्यालय, गौर रौतहटबाट मिति २०७१/०८/०९(मु.अ.कर २०७१/०९/१३) मा करदताको नाम सरोज कुमार साह कारोवारको नाम राकेश ट्रेडर्स भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं.६०२७५२८८४ को प्रमाणपत्र प्राप्त **राकेश ट्रेडर्स।**
**ठेगाना :** रौतहट जिल्ला कटहरिया न.पा. वडा नं. ५।

**जमानतकर्ता : पुनम देवी** (ना प्र नं. ३२(०१(७१(०६९५३ जारी मिति २०७१/११/२८ जि.प्र.का रौतहट।
ठेगाना : रौतहट जिल्ला कटहरिया गा.वि.स. वडा नं.०७ ( हाल कटरिया न.पा.वडा नं. ४)।
बाबु : मंगनी साह। ससुरा : सुरेन्द्र प्रसाद साह/ पती : सरोज कुमार साह।

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. ०१-५७१९०००**

## प्रभु बैंक लिमिटेड शाखा कार्यालय मलंगवा, सर्लाहीका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना।

**(सूचना प्रकासित मिति २०८३/०६/२९ गते बिहिबारको जनकपुर टुड दैनिक)**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको र यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८३/०४/१३ गते बुधबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौमा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात् मिति २०८३/०७/१३ गते शुक्रबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय, मलंगवा, सर्लाहीमा** दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**१. ऋणीः** प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय विभाग, घरेलु तथा साना उद्योग कार्यालय मलंगवा, सर्लाहीमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७५/०७/१५ मा दर्ता भई प्रा.फ.र.नं. ७०४०/०७५/०७६, कायम भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय मलंगवा, सर्लाहीबाट मिति २०७५/०७/१६ (मूं.अ.क. दर्ता मिति २०७५/०७/१६) मा करदताको नाम शैल कुमार देवी कारोवारको नाम बहु उद्देश्यीय कृषि फर्म भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०८७०१४९५ को प्रमाणपत्र प्राप्त **बहु उद्देश्यीय कृषि फर्म।**
ठेगाना : जिल्ला सर्लाही ब्रहमपुरी गा.पा. वडा नं. ६।

| | |
|---|---|
| **प्रोप्राइटर तथा जमानतकर्ता : शैल कुमार देवी** (ना.प्र.नं. १९-०१-७०-०१११७, जारी मिति २०७०/०५/२७, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही)।<br>ठेगाना : सर्लाही जिल्ला ब्रहमपुरी गा.पा. वडा नं. ६ (साविक नोकैल्वा गा.वि.स. वडा नं. ६)।<br>बाबु : बुनिलाल राय।<br>पति : कृष्णा राय। ससुरा : हिरा राय। | **जमानतकर्ता : राजन कुमार यादव** (ना.प्र.नं. १९-०१-७१-०३१११, जारी मिति २०७१।०३।३०, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही)<br>ठेगाना : सर्लाही जिल्ला ब्रहमपुरी गा.पा. वडा नं. ६ (साविक नोकैल्वा गा.वि.स. वडा नं. ६)।<br>बाबु : कृष्णा राय।<br>बाजे : हिरा राय। |
| **जमानतकर्ता : कृष्णा राय** (ना.प्र.नं. ६५७६१३५४, जारी मिति २०३५/०२/०३, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही)।<br>ठेगाना : सर्लाही जिल्ला ब्रहमपुरी गा.पा. वडा नं. ६ (साविक नोकैल्वा गा.वि.स. वडा नं. ६)।<br>बाबु : हिरा राय।बाजे : .........राय। | **जमानतकर्ताः सुशिल कुमार यादव** (ना.प्र.नं. १९ ६५७६४४९३, जारी मिति २०५३।०५।२३, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही)<br>ठेगाना : सर्लाही जिल्ला ब्रहमपुरी गा.पा. वडा नं. ६ (साविक नोकैल्वा गा.वि.स. वडा नं. ६)।<br>बाबुः हिरा राय। बाजे : ..... राय। |

| | | |
|---|---|---|
| **जमानतकर्ता : किरण कुमारी** (ना.प्र.नं. १९१०४६/९७, जारी मिति २०६७/०३/०२, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही)।<br>ठेगाना : सर्लाही जिल्ला ब्रहमपुरी गा.पा. वडा नं. ६ (साविक नोकैल्वा गा.वि.स. वडा नं. ६)।<br>बाबुः पल्टु राय यादव।<br>पति : सुनिल कुमार यादव।<br>ससुरा : हिरा राय। | **जमानतकर्ता : संजिव कुमार यादव** (ना.प्र.नं. १९१०४६/१३, जारी मिति २०६४/०२/०७, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही)।<br>ठेगाना : सर्लाही जिल्ला ब्रहमपुरी गा.पा. वडा नं. ६ (साविक नोकैल्वा गा.वि.स. वडा नं. ६)।<br>बाबु : कृष्णा राय। बाजे : हिरा राय | **जमानतकर्ता : राहुल कुमार यादव** (ना.प्र.नं. १९-०१-७५-०९५९३, जारी मिति २०७५/०९/२४, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही)।<br>ठेगाना : सर्लाही जिल्ला ब्रहमपुरी गा.पा. वडा नं. ६।<br>बाबु : सुनिल कुमार यादव।<br>बाजे : हिरा राय। |

**धितो लिलाम बिक्री हुने सम्पत्तिको विवरण**

१. **शैल कुमारी देवी**को नाममा मालपोत कार्यालय मलंगवा सर्लाही मा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला नोकैल्वा गा.वि.स. वडा नं. ७, नक्सा सिट नं. ७क, स्थित कित्ता नं. ६४, ५६४, ७८५, २१२, ७०८, ७०३, १०२०, ५६७ र १३५३ को क्षेत्रफल ०-११-१३१/२-०, ०-११-१२ १/२-०, ०-८-१५ १/४-०, ०-२-४-०, ०-१-१० १/२-०, ०-४-१२ १/२-०, ०-७-१९-०, ०-१५-७-० र ०-१६-२-० (बिघा)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ...............................१

२. **किरण कुमारी, राहुल कुमार यादव र आरती कुमारी**को संयुक्त नाममा मालपोत कार्यालय मलंगवा, सर्लाहीमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला नोकैल्वा गा.वि.स. वडा नं. ७, नक्सा सिट नं.७क, स्थित ७ कित्ता नं. ११८५, ७८४ र १४२४ को क्षेत्रफल ०-२-१३ १/२-०, ०-१५-१५-०, ०-६-०-० (बिघा)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ................................ १

३. **सुशिल कुमार यादव**को नाममा मालपोत कार्यालय मलंगवा सर्लाही मा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला नोकैल्वा गा.वि.स. वडा नं. ७, नक्सा सिट नं ७ख, स्थित कित्ता नं. २८ क्षेत्रफल ०-८-१०-० (बिघा)को घर/जग्गा र ऐ ऐ. वडा नं. ७, नक्सा सिट नं.७घ, स्थित कित्ता नं. ३३९, क्षेत्रफल ०-७-०-१० (बिघा)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेकोसम्पूर्ण लिगलगापात समेत ...............................१

४. ऋणी **बहु उद्देश्यीय कृषि फर्म**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ..............१

**२. ऋणीः** प्रदेश सरकार, प्रदेश नं. २ उद्योग, पर्यटन, वन तथा वातावरण उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय विभाग, घरेलु तथा साना उद्योग कार्यालय मलंगवा, सर्लाहीमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७५/०७/१५/०५ मा दर्ता भई प्रा.फ.र.नं. ६१४९/०७५/०७६ कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय मलंगवा, सर्लाहीबाट मिति २०७५/०७/१६ (मूं.अ.क. दर्ता मिति २०७५/०७/१६) मा करदताको नाम शैल कुमार देवी कारोवारको नाम शुभ लक्ष्मी हार्डवेयर एण्ड सप्लायर्स भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र न ६०८७०१४९५ को प्रमाणपत्र प्राप्त **शुभ लक्ष्मी हार्डवेयर एण्ड सप्लायर्स।**
ठेगाना : जिल्ला सर्लाही ब्रहमपुरी गा.पा वडा नं. ६,।

| | |
|---|---|
| **प्रोप्राइटर तथा जमानतकर्ता : शैल कुमार देवी** (ना.प्र.नं. १९-०१-७०-०१११७, जारी मिति २०७०/०५/२७, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही)।<br>ठेगाना : सर्लाही जिल्ला ब्रहमपुरी गा.पा. वडा नं. ६ (साविक नोकैल्वा गा.वि.स. वडा नं. ६)।<br>बाबु : बुनिलाल राय।<br>पति : कृष्णा राय। ससुरा : हिरा राय। | **जमानतकर्ता : राजन कुमार यादव** (ना.प्र.नं. १९-०१-७१-०३१११, जारी मिति २०७१/०३/३०, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही)<br>ठेगाना : सर्लाही जिल्ला ब्रहमपुरी गा.पा. वडा नं. ६ (साविक नोकैल्वा गा.वि.स. वडा नं. ६)।<br>बाबु : कृष्णा राय।<br>बाजे : हिरा राय। |
| **जमानतकर्ता : संजिव कुमार यादव** (ना.प्र.नं. १९१०४६/१३, जारी मिति २०६४/०२/०७, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही)।<br>ठेगाना : सर्लाही जिल्ला ब्रहमपुरी गा.पा. वडा नं. ६ (साविक नोकैल्वा गा.वि.स. वडा नं. ६)।<br>बाबु : कृष्णा राय<br>बाजे : हिरा राय | **जमानतकर्ता : कृष्णा राय** (ना.प्र.नं. ६५७६१३५४, जारी मिति २०३५/०२/०३, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही)।<br>ठेगाना : सर्लाही जिल्ला ब्रहमपुरी गा.पा. वडा नं. ६ (साविक नोकैल्वा गा.वि.स. वडा नं. ६)।<br>बाबु : हिरा राय<br>बाजे : .........राय। |

**धितो लिलाम बिक्री हुने सम्पत्तिको विवरण**

१. **शैल कुमारी देवी**को नाममा मालपोत कार्यालय मलंगवा, सर्लाहीमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला नोकैल्वा गा.वि.स. वडा नं. ७, नक्सा सिट नं. ७क, स्थित कित्ता नं. २०८, क्षेत्रफल ०-२-१-० (बिघा)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेकोसम्पूर्ण लिगलगापात समेत ..........१

२. ऋणी **शुभ लक्ष्मी हार्डवेयर एण्ड सप्लायर्स**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ...

**पुनश्चः**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय,बबरमहल,काठमाण्डौ र शाखा कार्यालय मलगँवा, सर्लाही** बाट प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके वमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ तथा शाखा कार्यालय मलगँवा, सर्लाही**मा सम्पर्क राख्न सकिनेछ।

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. ०१-५७१९०००**

# कर्मचारीलाई स्वास्थ्य बीमामा आबद्ध गराउन पत्राचार




**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल सरकारका विभिन्न निकायमा कार्यरत राष्ट्रसेवक कर्मचारीलाई स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गराउन आवश्यक समन्वय र सहजीकरणका लागि पत्र पठाएको छ।

मन्त्रालयले भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्र पठाउँदै स्वास्थ्य बीमा ऐन तथा नियमावलीमा भएको व्यवस्थाबमोजिम राष्ट्रसेवक कर्मचारीलाई स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गराउन सम्बन्धित निकायमा समन्वय गर्न अनुरोध गरेको हो ।

पत्रमा नेपाल सरकारका मन्त्रालय, सचिवालय, आयोग, प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीलाई स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गराउन आवश्यक पत्राचार, समन्वय र सहजीकरण गरिदिन आग्रह गरिएको छ।

स्वास्थ्य बीमा कार्यक्रमलाई व्यवस्थित गर्दै सरकारी सेवामा कार्यरत कर्मचारीको स्वास्थ्य बीमामा आबद्धता विस्तार गर्ने उद्देश्यले मन्त्रालयले यस्तो पहल गरेको हो । मन्त्रालयले सरकारी अस्पताल,स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा अन्य सङ्घीय निकायमा कार्यरत राष्ट्रसेवक कर्मचारीलाई स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गराउन पत्राचार गरेको छ।

मन्त्रालयले स्वास्थ्य बीमा ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम कर्मचारीलाई स्वास्थ्य बीमामा आबद्ध गराउन सम्बन्धित निकायलाई समन्वय तथा सहजीकरण गर्न अनुरोध गरेको हो।

पत्रमा विभाग,प्रतिष्ठान र अस्पतालमा कार्यरत राष्ट्रसेवक कर्मचारीलाई स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गराउन आवश्यक पहल गर्न भनिएको छ । सरकारी सेवामा कार्यरत कर्मचारीलाई स्वास्थ्य बीमाको दायरामा ल्याउने उद्देश्यले मन्त्रालयले यस्तो पहल गरेको हो ।

## अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलन

# कोशी घोषणापत्र जारी, अधिकार हस्तान्तरण र वित्तीय संघीयतामा जोड

**टुडे समाचारदाता**

जनकपुरधाम । दुईदिनसम्म चलेको अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलनले संविधानप्रदत्त अधिकारको पूर्ण कार्यान्वयन, वित्तीय संघीयताको सुदृढीकरण र अन्तरप्रदेश सहकार्यलाई संस्थागत गर्ने साझा प्रतिबद्धतासहित 'कोशी घोषणा' जारी गरेको छ।

विराटनगरमा बुधबार सम्पन्न सम्मेलनको समापन कार्यक्रममा सातै प्रदेशका मुख्यमन्त्रीहरूले संविधानको मर्म र भावनाअनुसार प्रदेशको अधिकार, बजेट तथा आवश्यक संरचना हस्तान्तरण गर्न संघीय सरकारसँग संयुक्त माग गर्दै घोषणापत्रमा हस्ताक्षर गरेका छन् ।

सम्मेलनले प्रदेशहरूबीच नियमित समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन सातै प्रदेशका मुख्यमन्त्री सदस्य रहने गरी 'अन्तरप्रदेश मुख्यमन्त्री साझेदारी मञ्च' गठन गर्ने निर्णयसमेत गरेको छ । उक्त मञ्चको अध्यक्षता सम्मेलन आयोजना गर्ने प्रदेशका मुख्यमन्त्रीले गर्ने व्यवस्था गरिएको छ।

घोषणापत्रमा संविधानका अनुसूचीमा उल्लिखित एकल तथा साझा अधिकारको प्रभावकारी कार्यान्वयनका लागि विद्यमान कार्यविस्तृतीकरण प्रतिवेदन तत्काल परिमार्जन गर्न संघीय सरकारसँग माग गरिएको छ।

त्यस्तै, संसद्मा विचाराधीन संघीय निजामती सेवा विधेयक प्रदेशका अधिकार सम्बोधन हुने गरी यथाशीघ्र पारित गर्न, प्रदेश प्रहरी समायोजन



गरी आवश्यक भौतिक संरचना तथा स्रोतसाधन हस्तान्तरण गर्न र संघ, प्रदेश तथा स्थानीय तहबीचको प्रशासनिक दोहोरोपन अन्त्य गर्न आग्रह गरिएको छ।

प्रदेशको अधिकार क्षेत्रभित्र पर्ने विषयमा काम गरिरहेका संघीय संरचना, डिभिजन कार्यालय, बोर्ड तथा विकास समितिहरू खारेज गर्न वा प्रदेश सरकारलाई हस्तान्तरण गर्नुपर्ने विषय पनि घोषणापत्रमा समेटिएको छ।

वित्तीय संघीयतालाई प्रभावकारी बनाउन मुख्यमन्त्रीहरूले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसअनुसार विनियोजित वित्तीय समानीकरण अनुदान आर्थिक वर्षको बीचमा वा अन्त्यमा कटौती नगरी पूर्ण रूपमा हस्तान्तरण गर्न माग गरेका छन् ।

सशर्त अनुदान घटाएर वित्तीय समानीकरण अनुदान बढाउनुपर्ने र संघीय सरकारले साना तथा टुक्रे आयोजना सिधै प्रदेशमा पठाउने प्रवृत्ति अन्त्य गर्नुपर्ने घोषणापत्रमा उल्लेख छ।

जलविद्युत्, वन, खानी तथा नदीजन्य पदार्थबाट प्राप्त रोयल्टीको न्यायोचित बाँडफाँट, कृषि आयकर प्रदेशले संकलन गर्न पाउने व्यवस्था र ट्राफिक जरिवानाबाट प्राप्त सम्पूर्ण राजस्व प्रदेश सञ्चित कोषमा दाखिला हुनुपर्ने मागसमेत गरिएको छ।

त्यसैगरी, सवारी दर्ता तथा चालक अनुमतिपत्रबाट प्राप्त राजस्व सम्बन्धित व्यक्तिको स्थायी ठेगाना भएको प्रदेशले पाउने व्यवस्था गर्न मुख्यमन्त्रीहरूले आग्रह गरेका छन्।

प्रदेशहरूबीच आर्थिक तथा पर्यटकीय सम्बन्ध विस्तार गर्न विराटनगर-पोखरा, सुर्खेत-भैरहवा, पोखरा-सुर्खेत, जनकपुर-पोखरा र भैरहवा-धनगढीजस्ता अन्तरप्रदेश सीधा हवाई उडान सञ्चालनका लागि सम्भाव्यता अध्ययन गरी आवश्यक प्रक्रिया अघि बढाउने सहमति भएको छ।

कृषि, पर्यटन सर्किट, नदी बेसिन, विपद् जोखिम व्यवस्थापन तथा डिजिटल पूर्वाधारमा संयुक्त लगानी र साझेदारी विस्तार गर्ने निर्णय पनि सम्मेलनले गरेको छ।

विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन उच्च पहाडी तथा हिमाली क्षेत्रका हिमतालको अवस्था अध्ययन गर्ने, पूर्वसूचना प्रणाली विकास गर्ने र विपद्का बेला तत्काल स्रोतसाधन तथा जनशक्ति परिचालन गर्न अन्तरप्रदेश संयन्त्र निर्माण गर्ने प्रतिबद्धता घोषणापत्रमा व्यक्त गरिएको छ।

प्रदेशको एकल अधिकार क्षेत्रभित्र पर्ने ६ अर्ब रुपैयाँभन्दा माथिका लगानी परियोजनाको स्वीकृति प्रदेश सरकारबाटै हुने कानुनी व्यवस्था मिलाउन संघीय सरकारसँग अनुरोध गरिएको छ।

प्रदेश सरकार अन्तर्गतका कार्यालय तथा संरचनाको नियमित पुनरावलोकन गरी तिनलाई चुस्त, मितव्ययी र नतिजामुखी बनाउने प्रतिबद्धतासमेत जनाइएको छ । बजेट विनियोजनमा राजनीतिक पहुँच र व्यक्तिगत स्वार्थभन्दा माथि उठेर वित्तीय अनुशासन कायम गर्ने तथा भ्रष्टाचारप्रति शून्य सहनशीलताको नीति अपनाउने विषयलाई पनि घोषणापत्रमा प्राथमिकता दिइएको छ।

त्यस्तै, स्थानीय तहलाई प्रतिस्पर्धीका रूपमा नभई विकास साझेदारका रूपमा लिएर सहकार्य गर्ने साझा प्रतिबद्धता मुख्यमन्त्रीहरूले व्यक्त गरेका छन् ।

'कोशी घोषणा' मा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की, मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादव, बागमती प्रदेशका मुख्यमन्त्री किरण थापा मगर, गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य, कर्णाली प्रदेशका मुख्यमन्त्री मंगलबहादुर शाही र सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री खगराज भट्टले हस्ताक्षर गरेका छन् ।

# खुट्टीखोला सिँचाइ आयोजना : हेडवर्क्स बन्यो, खेतमा पुगेन पानी

**टुडे समाचारदाता**

सिरहा । सिरहाको लहान नगरपालिका-११ का किसान घुरन साहले यस वर्ष समयमै धान रोपाइँ गरेका छन् । तर रोपाइँ सकिएसँगै उहाँलाई सिँचाइको चिन्ताले सताउन थालेको छ। खेत नजिकै करोडौँ रुपैयाँ खर्चेर खुट्टीखोला सिँचाइ आयोजनाको हेडवर्क्स निर्माण गरिएको छ । नहर पनि सफा गरिएको छ, तर पानी खेतसम्म पुग्न सकेको छैन । सिँचाइ सुविधा पाउने आशामा बसेका साहजस्ता किसान अझै वर्षाको भर पर्न बाध्य छन् ।

"करोडौँको लगानीमा हेडवर्क्स बन्यो, लाखौँ खर्चेर नहर पनि सफा गरियो । तर वर्षायाममा गेट खोलेर परीक्षण गर्दा खोलाको पानी नहरमा राम्रोसँग बगेन। बरु नहरमा जमेको पानी खोलातिरै फर्किने अवस्था देखियो," साहले भने, "नहर भएर पनि बाली सुक्ने चिन्ता हटेको छैन ।"

किसानको खेतमा पानी पुऱ्याउने उद्देश्यले निर्माण गरिएको हेडवर्क्स सम्पन्न भएको करिब पाँच वर्ष पुग्न लाग्दासमेत आयोजना सञ्चालनमा आउन सकेको छैन। जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयले मल्टिटेक निर्माण कम्पनीसँग २०७७ मङ्सिर १७ गते आठ करोड ५६ लाख ७२ हजार ४४२ रुपैयाँमा हेडवर्क्स निर्माणको सम्झौता गरेको थियो। निर्माण कम्पनीलाई आठ करोड ६८ लाख ९३ हजार ९६२ रुपैयाँ भुक्तानी भएको छ। तत्कालीन लहान नगरप्रमुख मुनि साहले २०७८ कार्तिक २२ गते आयोजनाको शिलान्यास गर्नुभएको थियो ।

वर्षायाममा उपलब्ध पानी हेडवर्क्समा संकलन गरी मुख्य नहरमार्फत कृषि क्षेत्रमा सिँचाइ पुऱ्याउने लक्ष्य राखिएको थियो। मड्यान, गडमे, बानो र सर्रे खोलाको जलाधार क्षेत्रबाट पानी उपलब्ध हुने अपेक्षा गरिए



पनि संरचना निर्माणपछि किसानले सिँचाइ सुविधा पाउन सकेका छैनन् ।

महालेखा परीक्षकको कार्यालयले आफ्नो वार्षिक प्रतिवेदन, २०८१ मा हेडवर्क्सको डिजाइन तथा निर्माणमा प्राविधिक समस्या औँल्याएको छ । स्थलगत निरीक्षणका क्रममा खोलामा पानी बग्ने सतहभन्दा हेडवर्क्स अग्लो स्थानमा निर्माण भएको पाइएको प्रतिवेदनमा उल्लेख छ। डिजाइन सुधार तथा थप निर्माण नगरी हेडवर्क्समा पानी जम्मा गरी नहरमा वितरण गर्न सकिने अवस्था नदेखिएको प्रतिवेदनको निष्कर्ष छ।

सिँचाइ कार्यालय सिरहाको पछिल्लो स्थलगत निरीक्षणले समस्या हेडवर्क्समा मात्र सीमित नरहेको देखाएको छ । मुख्य तथा शाखा नहरमा सहरी ढल र फोहोर मिसिने, माटो तथा गेग्रान थुप्रिने, सडक निर्माण हुने र अतिक्रमणका कारण नहरको चौडाइ घट्ने समस्या छन् । कार्यालयका इञ्जिनियर सञ्जीवकुमार यादवले नहरका केही स्थानमा ९० सेन्टिमिटरसम्म माटो जमेको बताए । माटो हटाएपछि दक्षिणी नहरमा पानी सञ्चालन गर्न सकिने देखिए पनि पश्चिमी नहरमा थप संरचनागत समस्या छन् ।

हेडवर्क्स निर्माणको करिब चार वर्षपछि आर्थिक वर्ष २०८२/८३ मा मधेश प्रदेश सरकारले नहर सफाइका लागि १५ लाख रुपैयाँ विनियोजन गरेको थियो । त्यसमध्ये सात लाख ९० हजार २४५ रुपैयाँमा शिवम् कन्स्ट्रक्सनलाई सफाइको जिम्मा दिइएको थियो। तर सफाइपछि पनि अपेक्षा अनुसार पानी सञ्चालन हुन सकेन। स्थानीय देवराज पोखरेलले नहर गहिरो बनाएर सफाइ गर्दा छेउको बाटो धसिन थालेको, बोटबिरुवामा क्षति पुगेको र विद्युत्का पोलसमेत जोखिममा परेको बताए। उनले आयोजनाको प्राविधिक तथा आर्थिक पक्षको छानबिन गर्न माग गरे।

सिँचाइ कार्यालय प्रमुख सुमनकुमार झाले हेड रेगुलेटरबाट करिब ४०० मिटरको दूरीमा रहेको मन्दिर र पानी बाँड्ने संरचनाले मुख्य तथा शाखा नहरमा पानीको प्रवाहमा बाधा पुऱ्याएको बताए । मुख्य नहर चार हजार ९०० मिटर र शाखा नहर एक हजार ७१० मिटर लामो छ । नहरका अवरोध हटाउने, मर्मतसम्भार तथा स्तरोन्नति गर्ने र ढल व्यवस्थापन गर्न सके पानी सञ्चालन सहज हुने उनको भनाइ छ।

लहान नगरपालिकाका प्रमुख महेश चौधरीले बजारको फोहोर व्यवस्थापन र पश्चिमी नहरबाट सिँचाइ सुविधा उपलब्ध गराउने उद्देश्यले भूमिगत नाला प्रणालीको योजना अघि बढाइएको बताए। करिब आठ करोड रुपैयाँको उक्त योजना राजनीतिक विरोधका कारण अघि बढ्न नसकेको उनको भनाइ छ । खुट्टीखोला सिँचाइ उपभोक्ता समितिका अध्यक्ष धर्मराज चौधरीले पनि पटक-पटक पहल र आन्दोलन गर्दा पनि ठोस प्रगति नभएको बताए।

सिँचाइ कार्यालयले यही असोज ८ गते आयोजना सुधार तथा स्तरोन्नतिसम्बन्धी विस्तृत प्रतिवेदन मधेश प्रदेशको ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयमा पेश गरेको छ । कार्यालय प्रमुख झाले नहर मर्मत, संरचना सुधार र स्तरोन्नतिका लागि बहुवर्षीय योजनाअन्तर्गत १२ करोड ४३ लाख दुई हजार रुपैयाँ बजेट माग गरिएको बताए।

आयोजनाको कुल कमाण्ड क्षेत्र ९६४ हेक्टर छ । त्यसमध्ये करिब ६०० हेक्टर खेतीयोग्य जमिन रहेको र सात हजार घरधुरीका ३५ हजार जनसंख्या लाभान्वित हुने लक्ष्य छ। आयोजना पूर्ण क्षमतामा सञ्चालन हुँदा कृषि उत्पादनमा २०० प्रतिशतसम्म वृद्धि गर्ने अपेक्षा गरिएको छ।

स्थानीय इञ्जिनियर वीरेन्द्र महतोले थप बजेट विनियोजन मात्र समस्याको समाधान बताए । हेडवर्क्सको प्राविधिक परीक्षण, नहरको सतह सुधार, पानीको उपलब्धता सुनिश्चितता र ढल व्यवस्थापनलाई एकीकृत रूपमा अघि बढाउन आवश्यक छ। हेडवर्क्सदेखि नहरको अन्तिम बिन्दुसम्म प्राविधिक अध्ययन गरी खेतसम्म पानी पुग्ने सुनिश्चित कार्ययोजना नबने करोडौँ खर्चेर निर्माण गरिएको आयोजना उपयोगविहीन संरचनामै सीमित रहने जोखिम छ।

# आपतिजनक सामाग्री पोष्ट गर्ने क्रिमिनल पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । समाजमा हिंसा फैलाउने र विभिन्न व्यक्ति, समुदाय तथा संगठनको मर्यादामा आँच पुऱ्याउने गरी आपत्तिजनक सामग्री सामाजिक सञ्जालमार्फत पोस्ट गरेको आरोपमा क्रिमिनल भन्ने एक युवकलाई धनुषा प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा धनुषाको लक्ष्मीनिया गाउँपालिका-१ निवासी करिब २० वर्षीय क्रिमिनल भन्ने राजु यादव रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

सामाजिक सञ्जालमा हिंसा फैलाउने उद्देश्यले उत्तेजित पार्ने सामग्री, गालीगलौज तथा आपत्तिजनक शब्द प्रयोग गरी




पोस्ट गर्ने र धम्की दिने किसिमका सामग्री अपलोड गरेको आरोप उनलाई पक्राउ गरिएको हो ।

प्रहरीले उनलाई २०८३ असार २७ गते राति करिब ११ बजे जनकपुरधाम उपमहानगरपालिका-९ बाट नियन्त्रणमा लिएको जनाएको छ । त्यसैगरी, सामाजिक सञ्जालको दुरुपयोग गरी विभिन्न व्यक्ति, समुदाय तथा संगठनको मानमर्दन हुने सामग्री पोस्ट गर्ने, गालीगलौज गर्ने तथा धम्की दिने किसिमका फोटो र भिडियो पोस्ट गरेको आरोपमा अन्य चार जनामाथि समेत अनुसन्धान तथा कानुनी कारबाही भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

प्रहरीले सामाजिक सञ्जालको प्रयोग गर्दा कानुनको पालना गर्न, अरूको मानमर्दन हुने तथा हिंसा भड्काउने सामग्री पोस्ट नगर्न र अनलाइन माध्यमबाट धम्की दिने वा आपत्तिजनक गतिविधि नगर्न सर्वसाधारणसँग आग्रह गरेको छ।

# बसको ठक्करबाट बालिकाको मृत्यु

**टुडे समाचारदाता**

रौतहट । स्कुल बसको ठक्करबाट रौतहटको चन्द्रपुर नगरपालिका-८ मोतीपुरमा दुई वर्षीया बालिकाको मृत्यु भएको छ।

मधेश प्रदेश ०३-००१ क २८७८ नम्बरको मुनलाइट एकेडेमीको स्कुल बसले बुधवार विहान १०.५५ बजेको समयमा घरअगाडि सडक छेउमा खेलिरहेकी स्थानीय सिकेन्द्र चौधरीकी दुई वर्षीया छोरी महिमा चौधरी बसेको चपेटामा पर्दा निजको घटनास्थलमै मृत्यु भएको जनाइएको छ । बसको ठक्करबाट टाउकोको पछाडिको भागमा चोट लागेपछि बालिकाको घटनास्थलमै मृत्यु भएको




प्रहरीले जनाए। घटनाको जानकारी प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरबाट प्रहरी नायब उपरीक्षक सत्यनारायण थापाको कमान्डमा खटिएका प्रहरी टोलीले बालिकाको शव पोष्टमार्टमका लागि चन्द्रपुर अस्पतालमा राखिएको प्रहरीले उपलब्ध गराएको प्रेस नोटमा उल्लेख गरिएको छ।

दुर्घटनामा संलग्न स्कुल बस जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरको नियन्त्रणमा राखिएको छ भने बस चालक चन्द्रपुर नगरपालिका-४ का ४५ वर्षीय कान्छा राईलाई इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान गरिरहेको बताइएको छ।

# स्थानीय गणक हुनुपर्नेमा जोड

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय जनगणना लगायतका विभिन्न गणनामा गणकको रुपमा स्थानीय भाषी नै हुनुपर्ने र प्रदेश तथा स्थानीय तहमा तथ्यां)क अधिकारी हुनुपर्ने व्यवस्था ऐनमा राख्नुपर्नेमा वक्ताहरुले जोड दिएका छन् ।

राष्ट्रिय तथ्यांक कार्यालयद्वारा जनकपुरधाममा बुधवार तथ्यांक संकलन र व्यवस्थापनमा संघ, प्रदेश तथा स्थानीय तहबीचका अन्तरसम्बन्ध तथा तथ्यांक सम्बन्धी कानून र सर्वेक्षण अनुमति प्रणालीको कार्यान्वयन सम्बन्धमा अन्तरक्रिया आयोजित कार्यक्रममा यस्तो बताइएको हो।

सो कार्यक्रममा तथ्यांक



ऐन २०७९ मा रहेको व्यवस्था बारे जानकारी गराइएको थियो । यस्तै कार्यक्रममा राष्ट्रिय जनगणना लगायतका गणकहरुमा देखिएको त्रुटिबारे सहभागी वक्ताहरुले कुरा राखेका थिए । कार्यक्रममा सहभागीहरुले स्थानीय भाषामै गणना हुनुपर्ने र गणक परिचालन गर्नुपर्नेमा आ आफ्ना विचार राखेका थिए।

यसका साथै राष्ट्रिय तथ्यांक कार्यालयले संकलन गरेको व्यक्तिगत तथ्यांक कतिको सुरक्षित छन र त्यसको गोपनीयता बारे समेत कुरा उठाइएको थियो ।

# रक्तदान कार्यक्रमलाई निरन्तरता दिनुपर्नेमा जोड

**टुडे समाचारदाता**

जनकपुरधाम। बडादशैं, दीपावली तथा छठ पर्वको अवसरमा ब्लड फोर निड धनुषा शाखाले शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गरेको छ।

नेपाल रेडक्रस सोसाइटी धनुषा शाखाका सभापति पंकजकुमार महतोको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा विभिन्न क्षेत्रका व्यक्तिहरूको सहभागिता रहेको थियो । कार्यक्रममा अतिथिका रूपमा सहभागी व्यक्तिहरूलाई स्वागत तथा सम्मानसमेत गरिएको आयोजकले जनाएको छ।

कार्यक्रममा सभापति महतोले चाडपर्वले समाजमा आपसी प्रेम, सद्भाव, एकता र भाइचाराको भावना सुदृढ बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने बताए। उनले चाडपर्वको खुसीलाई सामाजिक सेवासँग जोड्दै असहाय, विपन्न तथा आवश्यकतामा परेका व्यक्तिहरूलाई सहयोग गर्न सबैलाई प्रेरित हुनुपर्नेमा जोड दिइएको जनाइएको छ।

महतोले रक्तदानलाई मानवीय सेवाको महत्त्वपूर्ण




माध्यमका रूपमा उल्लेख गर्दै रगतको अभावमा कसैले पनि ज्यान गुमाउनुपर्ने अवस्था आउन नदिन रक्तदानसम्बन्धी जनचेतना र अभियानलाई निरन्तरता दिनुपर्ने धारणा व्यक्त गरे।

उनले रक्तदान तथा मानवीय सेवाका क्षेत्रमा सक्रिय संघसंस्थाबीच सहकार्य आवश्यक रहेको उल्लेख गर्दै सामाजिक उत्तरदायित्व निर्वाह गर्न सबै पक्षलाई आग्रह गरे। ब्लड फोर निड धनुषा शाखाद्वारा आयोजित कार्यक्रमले चाडपर्वको शुभकामना आदानप्रदानसँगै सामाजिक सद्भाव र मानवीय सेवाप्रतिको प्रतिबद्धतालाई थप बलियो बनाउने विश्वास व्यक्त गरिएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८